नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(योजना तथा अनुगमन शाखा)

☎ ४२००३२३
📠 ४२००३२२

सिंहदरबार, काठमाडौं

पत्र संख्या : २०७५/७६

च.नं. : १४५

मिति: २०७५।६।१६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शाखाहरु सबै ।
श्री स्थानीय पूर्वाधार विभाग, पुल्चोक, ललितपुर ।
श्री केन्द्रिय पञ्जीकरण विभाग, बबरमहल, काठमाडौं ।
श्री निजामती किताबखाना, हरिहरभवन ।
श्री निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं ।
श्री नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।
श्री कर्मचारी प्रशिक्षण प्रतिष्ठान, बागडोल, ललितपुर ।

**विषय: <u>चौंथो योजनाको आ.व. २०७३/७४ र २०७४/७५ को प्रगति विवरण बारे ।</u>**

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको च.नं. २५९ मिति २०७५/६/११ को पत्रबाट "आ.व. २०७५/७६ चौध योजनाको अन्तिम बर्ष रहेको व्यहोरा अवगत नै छ। यसै सन्दर्भमा चौधौं योजनाको पहिलो दुई बर्षको समीक्षा कार्य अगाडि बढाएव हुँदा उक्त समीक्षाको लागि ताहाँ मन्त्रालय/निकायसंग सम्बन्धित विषयको लक्ष्य उद्देश्य, रणनीतिमा पहिलो दुई बर्ष (आ.व २०७३/७४ र २०७४/७५) मा भएको प्रगति एवम् चौधौं योजनाको नतिजा खाकामा उल्लेखित नतिजा सूचकहरूको सो अवधिको प्रगति विवरण संलग्न बमोजिमको ढाँचामा पठाइदिन" लेखी आएको हुँदा सो बमोजिमको विवरण मिति २०७५/६/१ गतेभित्र यस शाखा (*email : monitoringmofald2015@gmail.com*) मा अनिवार्य रूपमा उपलव्ध गराइदिनु हुन आदेशानुस अनुरोध गरिन्छ ।

(भुपेन्द्र रायमाझी)
शाखा अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -- ***वेबसाईटमा अपलोड गर्नुहुन ।***

१. तथ्यांक सकंलन खाका

## चौधौ योजनाको पहिलो दुई (२०७३/७४ र २०७४/७५) वर्षको समीक्षा

मन्त्रालयको कोड: १४ मन्त्रालयको नाम: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

टुल: तथ्यांक सकंलन टुलकोड: डी १४

चौधौ योजनाको पहिलो दुई वर्ष ( २०७३/७४ र २०७४/७५) को समीक्षाका लागि चौधौ योजनाको नतिजा खाका (Result Framework) मा आधारित रहेर यो तथ्यांक संकलन खाका (Temaplate) तयार पारिएको छ। यस खाका वमोजिमको विवरण भर्दा निम्न कुराहरुमा ध्यान दिनुहुन अनुरोध छ।

क) विवरण भर्दा **खाली रहेको महलमा** मात्र भर्नुहोला।

ख) प्रत्येक आ. व. अन्त्य सम्मको विवरण उल्लेख गर्नुहोला।

ग) तथ्याकहरु उपलव्ध भएसम्म यसै विवरण साथ सम्लग्न गरियको छ। यदि यहां प्रस्तुत विवरण **अधावधिक गर्नुपर्ने** भए सो समेत अधावधिक गर्नुहोला।

घ) उल्लेखित सुचना यस मन्त्रालय वाट उपलव्ध **नहुने हकमा कैफियतमा** खुलाउनु होला।

### संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

| क्र. सं. | नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य २०७३/७४ | उपलब्धी २०७३/७४ | लक्ष्य २०७४/७५ | उपलब्धी २०७४/७५ | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रभाव**<br>स्थानीय तहको आर्थिक वृद्धि | प्रतिशत | | | | | | | |
| | **असर**<br>स्थानीय निकायको आन्तरिक आय | रु. करोडमा | १०२१ | १२०५ | | १४५९ | | व्य.सू.प्र. | |
| | स्थानीय निकायको हालसम्मको बेरुजु रकम | रु. करोडमा | | | | | | ,, | |
| | स्थानीय निकायको कुल खर्चमध्ये बेरुजु रकम | प्रतिशत | ५ | ४.५ | ४.५ | ४ | ४ | | |
| | स्थानीय तहमा प्रवाहित सेवाप्रति लाभग्राहीको सन्तुष्टी मापन सर्वेक्षण (स्थानीय तह) | सङ्ख्या | | ७ | | १४ | | ,, | |
| | न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (:ऋएः) उत्तीर्ण भएका स्थानीय निकायहरू ( प्रतिशत) | जि.वि.स. | ९१ | ९५ | | ९८ | | व्य.सू.प्र | |
| | | न.पा. | ८३ | ९० | | ९४ | | ,, | |
| | | गा.वि.स. | ६० | ७२ | | ८६ | | ,, | |
| | **प्रतिफल**<br>सार्वजनिक सुनुवाई गरेका स्थानीय निकाय | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | ,, | |
| | व्यक्तिगत घटना दर्ता | ,, | ८० | ८५ | ८५ | ९० | ९० | ,, | |

| क्र. सं. | नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | लक्ष्य २०७३/७४ | उपलब्धी २०७३/७४ | लक्ष्य २०७४/७५ | उपलब्धी २०७४/७५ | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल राष्ट्रिय बजेटमा स्थानीय निकायलाई गएको निःशर्त अनुदान | " | २.१ | ३.१ | २.७ | ४.१ | | " | योजना |
| | मन्त्रालयको कुल बजेटमा स्थानीय निकायलाई गएको निःशर्त अनुदान | " | २३.०७ | २७.०९ | | ३० | | " | योजना |
| | कम्प्यूटरमा आधारित लेखापालन गर्ने स्थानीय निकाय | जि.वि.स. | ७३ | २ | | – | | " | |
| | | न.पा. | १९१ | २६ | | – | | " | |
| | | गा.वि.स. | २४० | १०० | | १०० | | " | |
| | सहरी सडक गुरुयोजना तयार पारेका नगरपालिका | सङ्ख्या | ७३ | ४३ | | १०१ | | " | |

| क्र. सं. | नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | २०७३/७४ | | २०७४/७५ | | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी | | |
| | **सामान्य प्रशासन** निजामती सेवासम्बन्धी राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन | समय सीमा | – | २०७४ असार | | | | प्रकाशित नीति र वार्षिक प्रतिवेदन | |
| | सार्वजनिक निकायका नेतृत्व तहका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन सूचकसहित कार्य सम्पादन सम्झौतासम्बन्धी कानुन तर्जुमा तथा कार्यान्वयन | " | – | २०७४ असार | | निरन्तर | | " | |
| | निजामती कर्मचारी ट्रेड युनियनको आचारसहिता तर्जुमा तथा कार्यान्वयन | " | – | २०७४ असार | | निरन्तर | | " | |
| | विभिन्न केन्द्रीय तथा जिल्लास्थित सार्वजनिक सेवा प्रवाह गर्ने कार्यालयहरूको व्यवस्थापन परीक्षण | निकायगत सङ्ख्या | – | मन्त्रालय १०, विभाग १०, केन्द्रीय निकाय १० जिल्लास्तर कार्यालय ७० | | निरन्तर | | " | |
| | जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धतिको | समय सीमा | - | २०७४ असार र निरन्तर | | निरन्तर | | वार्षिक प्रतिवेदन | |

| क्र.सं. | नतिजा सूचकहरू | एकाइ | आधार वर्ष २०७२/७३ | २०७३/७४ | | २०७४/७५ | | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | उपलब्धी | लक्ष्य | उपलब्धी | | |
| | कार्यान्वयन | | | | | | | | |
| | सेवा प्रवाहलाई पहुँचयोग्य र सहज बनाउन सार्वजनिक निकायहरूमा विद्युतीय कार्य प्रणालीको अवलम्बन | " | - | २०७४ असार र निरन्तर | | निरन्तर | | " | |
| | नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी मोबाइल एप्स तथा सूचना प्रविधिको उपयोगमार्फत प्रयोग | " | - | २०७४ असार र निरन्तर | | निरन्तर | | " | |
| | सेवाकालीन तालिम | सङ्ख्या | ४३ | ५९ | ४३ | ६५ | ६५ | " | |
| | सेवा प्रवेश तालिम | सङ्ख्या | १२ | २२ | १२ | १५ | १५ | " | |
| | अनुसन्धान/परामर्श | " | १० | १२ | १० | १५ | १५ | " | |
| | स्टाफ कलेजको आन्तरिक क्षमता विकास | " | १६ | २० | १६ | २५ | २५ | " | |
| | कर्मचारी प्रशिक्षण प्रतिष्ठानबाट तालिम प्राप्त कर्मचारी | " | ८५२४ | ३००० | १२८५४ | ४००० | १३००० | " | |
| | निजामती अस्पतालबाट बहिरङ्ग सेवा प्रदान | जना प्रतिदिन | – | ६०० | ७८७ | ६५० | ८०० | " | |
| | आन्तरिक आम्दानी (निजामती अस्पताल) | प्रति वर्ष (रु. करोड) | – | १४ | | १५ | | " | |
| | मानव अधिकार कार्ययोजनाले पहिचान गरेका विषयहरू सम्बन्धित मन्त्रालयको वार्षिक कार्यक्रममा समावेश | प्रतिशत | - | | | निरन्तर | | वार्षिक प्रतिवेदन वार्षिक कार्यक्रम | |
| | केन्द्रदेखि स्थानीय तहसम्म भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक एवम् निरोधात्मक कार्यक्रमहरू सञ्चालन | - | - | | | निरन्तर | | " | |

२. उद्देश्य, रणनीति र कार्यक्रमहरुको कार्यान्यवयनको अवस्था

**चौधौ योजना को पहिलो दुई (२०७३/७४ र २०७४/७५) वर्षको समीक्षा**

मन्त्रालयको कोड: १४ | मन्त्रालयको नाम: **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

**टुल: कार्यन्यवनको अवस्था** | टुलकोड: पी १४

चौधौ योजनाको पहिलो दुई वर्ष ( २०७३/७४ र २०७४/७५) को समीक्षाका लागि चौधौ योजनामा उल्लेखित उद्धेश्य , रणनिती र कार्यकमको कार्यान्यन अवस्था विश्लेषणको लागि यो खाकातयार पारिएको छ । मुलतः **उद्देश्य, रणनीतिहरू र कार्यक्रमको कार्यान्वयनको अवस्था एवम् प्रथम २ वर्षको प्रगति समीक्षागर्दा तीउद्देश्य, रणनीतिहरू र कार्यक्रमको कार्यान्वयनकालागि के-के गरियो, हाल के भइरहेको छ र चालु आ.व.मा के गर्न सकिन्छ भन्ने र उद्देश्य, रणनीतिहरू र कार्यक्रमले राखेको लक्ष्यहासिल भएनभएको, भएको भए के कति र नभएको भएकिन र के के कारणले गर्दा हुन नसकेको सो खुलाउनु हुन अनुरोध छ ।** यसका साथै संलग्न खाका वमोजिमको विवरण भर्दा निम्न कुराहरुमाध्यानदिनुहुन अनुरोध छ ।

क) कृपया कार्यान्यवयनको अवस्था **लेखेको महलहरुमा** वास्तविक अवस्था **बुंदागत रुपमा** उल्लेख गरिदिनु होला ।

ख) उद्देश्यको हकमाउक्त**उद्देश्य प्राप्तितर्फको अवस्था** उल्लेख गर्नुहोला ।

ग) रणनीतिको हकमा**रणनीतिहरु अवलम्वनको अवस्था र प्रभावकारिता** उल्लेख गर्नुहोर्ला । यदिकुनै रणनीति वढि वा कम प्रभावकारी भए सो को कारण समेत उल्लेख गर्ने ।

घ) कार्यकमको हकमाउल्लेखित**कार्यक्रमको कार्यन्वयनतथाप्रगतिको अवस्था, कार्यन्वनमा देखिएकामुख्य सहजतातथाचुनौति** र यि वाहेक अन्यकार्यकमभए सोको सूचि र कार्यन्वनको अवस्था समेत उल्लेख उल्लेख गर्नुहोला ।

सङ्घीयता तथा स्थानीय स्वायत्त शासन

| क्र. सं. | योजनामा उल्लेखित उद्देश्य, रणनीति तथा कार्यक्रम | कार्यान्यवयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | उद्देश्य<br>स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलब्ध गराउनु । | | |
| | रणनीति | | |

| | | | |
|---|---|---|---|
| | १. स्थानीय संरचनाहरूको स्थापना, व्यवस्थापन र क्रियाशीलता बढाउने ।<br>२. स्थानीय स्वायत्त शासन र सेवा प्रवाहको सुदृढीकरण गर्ने ।<br>३. सामाजिक परिचालन तथा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउने । स्थानीय शासनमा जनस्वामित्व स्थापना गर्न जनताको सहभागितामा योजना तर्जुमा, कार्यान्वियन तथा अनुगमन प्रणाली सुदृढीकरण गर्ने ।<br>४. बालमैत्री स्थानीय शासनलाई मुलुकभर विस्तार गर्ने ।<br>५. दिगो आर्थिक-सामाजिक विकास, वातावरणमैत्री गुणस्तरीय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आय आर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने ।<br>६. जलवायु परिवर्तन अनुकुलन तथा विपद् व्यवस्थापनसम्बन्धी कार्यहरूमा जनताको सहभागिता बढाई समन्वयात्मक रूपमा वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने । | | सम्बोधित सबै आरम्भ |
| | कार्यक्रम<br>१. सङ्घीय संरचना व्यवस्थापन<br>२. स्थानीय स्वायत्त शासन<br>३. वित्तीय विकेन्द्रीकरण सुदृढीकरण<br>४. सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन<br>५. सामाजिक सुरक्षा<br>६. सेवा प्रवाहको सुदृढीकरण | | सम्बोधित सबै आरम्भ |

प्रादेशिक तथा भौगोलिक सन्तुलन

| क्र. सं. | योजनामा उल्लेखित उद्देश्य, रणनीति तथा कार्यक्रम | कार्यान्यवयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | उद्देश्य<br>१. भौगोलिक रूपमा विकट र पिछडिएको क्षेत्रमा स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्नु । | | |

| | | | |
|---|---|---|---|
| | २. सबै क्षेत्रका जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवामा समन्यायिक रूपमा सहज पहुँच पुऱ्याउनु । | | |
| | रणनीति<br>१. स्थानीय स्तरमा सम्भावना पहिचान गरी ती क्षेत्रमा लगानी वृद्धि गर्ने ।<br>२. विभिन्न प्रदेशहरूका बीच सहसम्बन्ध कायम गरी आर्थिक तथा सामाजिक गतिविधिहरूलाई अगाडि बढाउने ।<br>३. पछाडि परेका क्षेत्र, सीमान्तकृत व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । | | |
| | कार्यक्रम<br>१. सङ्घीय, प्रादेशिक र स्थानीय तहमा उपलब्ध प्राकृतिक र मानवीय स्रोतको प्रोफाइल तयार तथा उपयोग ।<br>२. प्रादेशिक तथा स्थानीय विशिष्टता, स्रोतसाधनको उपलब्धता, आवश्यकताको आधारमा निजी क्षेत्र आकर्षित हुने तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान, विकास र प्रवर्द्धन ।<br>३. सार्वजनिक-निजी र सङ्घीय, प्रादेशिक र स्थानीय सरकारबीच आर्थिक-सामाजिक तथा समावेशी विकासमा सहयोग पुग्ने क्षेत्रहरूको पहिचान र विकास ।<br>४. अन्तरप्रादेशिक र अन्तरस्थानीय आवागमन र व्यापार सहजीकरण ।<br>५. अन्तरप्रदेश र स्थानीय तह जोड्ने सडक र परिपूरकको रूपमा प्रयोग/उपयोग गर्न सक्ने अन्य पूर्वाधारहरूको विकास ।<br>६. स्थानीय रोजगारी प्रवर्द्धन तथा लक्षित विकास कार्यक्रम ।<br>७. आधारभूत आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय विकासका तथ्याङ्क तथा सूचकाङ्कको आधारमा सूत्रमा आधारित केन्द्रीय स्रोत तथा बजेटको विनियोजन ।<br>८. मानव संसाधन तथा सीप र क्षमता विकास । | | सम्बन्धित विभाग तथा शाखाहरु सबै |

प्रशासकीय सुशासन

| क्र. सं. | योजनामा उल्लेखित उद्देश्य, रणनीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | उद्देश्य<br>सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु । | | |
| | रणनीति<br>१. सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन सङ्घीय प्रणालीअनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गर्ने ।<br>२. सार्वजनिक निकायका काम कारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।<br>३. राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने । | | |
| | कार्यक्रम<br>१. निजामती सेवासम्बन्धी राष्ट्रिय नीति तर्जुमा, निजामती सेवा ऐन र नियमावलीमा समसामयिक संशोधन ।<br>२. निजामती सेवा र अन्य सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहमा समायोजन गर्नका लागि कानुनको तर्जुमा तथा समायोजन ।<br>३. सरकारका तहगत कार्य विश्लेषणका आधारमा सङ्गठन संरचना गरी जनशक्ति व्यवस्थापन ।<br>४. निजामती कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धिका लागि कर्मचारीहरूको सामाजिक सुरक्षा कार्यक्रम जस्तैः स्वास्थ्य तथा दुर्घटना बिमा, कर्मचारी आवास, शिशुस्याहार केन्द्र, निजामती कर्मचारी सन्तति छात्रवृत्ति, निजामती कर्मचारी सन्ततिका लागि आवासीय विद्यालय | | [illegible] एवं कारबाही |

| | | | |
|---|---|---|---|
| | र निजामती कर्मचारी अस्पताल सञ्चालन तथा सुदृढीकरण ।<br>५. निजामती सेवामा कार्यरत कर्मचारीहरूका 'सबैका लागि तालिम' ।<br>६. निजामती कर्मचारीहरूलाई नेपाल सरकारलाई आवश्यक भएको विषयमा स्वदेश तथा विदेशमा अध्ययन तथा तालिम ।<br>७. सूचना प्रविधिको विकास र विस्तारद्वारा विद्युतीय प्रणालीको अधिकतम प्रयोग गरी स्वचालित कार्यप्रणालीको विस्तार ।<br>८. नियमित व्यवस्थापन परीक्षण ।<br>९. कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरी व्यक्तिको कार्यसम्पादनलाई निजको कार्यालयको कार्य प्रगतिसँग आबद्ध ।<br>१०. सेवा निवृत्तहरूको ज्ञान, सीप, दक्षता र अनुभवको उपयोग गर्न सेवानिवृत्त कर्मचारी परिषद्को व्यवस्था ।<br>११. जनगुनासो व्यवस्थापनको लागि गुनासो सुनुवाइ ट्र्याकिङ पद्धति (Grievance Handling Tracking Syste) को विकास ।<br>१२ नागरिक बडापत्रलाई स्थानीय भाषामा समेत निर्माण गरी मोबाइल एप्स तथा सूचना प्रविधिको उपयोगमार्फत प्रयोग एवम् क्षतिपूर्तिसहितको नागरिक बडापत्रको प्राथमिकताका आधारमा सेवा प्रवाह ।<br>१३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठानलगायतका अन्य सरकारी तालिम प्रदायक निकायको जनशक्ति र भौतिक पूर्वाधारको विकास र क्षमता अभिवृद्धि ।<br>१४ निजामती कर्मचारी र तिनका आश्रित परिवारका लागि निजामती कर्मचारी अस्पताल लगायत अन्य अस्पतालको सहकार्यमा दुर्घटना तथा स्वास्थ्य बिमा ।<br>१५ निजामती कर्मचारी ट्रेड युनियनको आचारसंहिता तर्जुमा तथा कार्यान्वयन ।<br>१६. सबै सार्वजनिक निकाय र सबै तह तथा नेतृत्व तहका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई जवाफदेहीपूर्ण बनाउन | | |

| | | | |
|---|---|---|---|
| | सूचकसहित कार्य सम्पादन सम्झौता । | | |

जनसहभागिता

| क. सं. | योजनामा उल्लेखित उद्देश्य, रणनीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|
| | उद्देश्य<br>सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास प्रक्रियाका विभिन्न चरणहरूमा नागरिकको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्नु । | | |
| | रणनीति<br>१. विकास निर्माणका हरेक चरण र सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने ।<br>२. स्थानीयस्तरमा कार्यरत सामुदायिक तथा गैरसरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>३. नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण कार्यक्रम र निर्वाचनलगायतका सार्वजनिक महत्वका क्रियाकलापमा नागरिकहरूको भूमिका बढाउने । | | |
| | कार्यक्रम<br>१. संवैधानिक प्रावधानअनुसार सबै तहमा निर्वाचनद्वारा जनप्रतिनिधित्वको व्यवस्था ।<br>२. राष्ट्रिय, सङ्घीय, प्रादेशिक र स्थानीय स्तरका योजना प्रक्रियामा स्थानीय तहदेखि नै जनसहभागिता अभिवृद्धि ।<br>३. योजना प्रणालीमा सार्वजनिक सुनुवाइ र कार्यान्वयनमा सार्वजनिक लेखापरीक्षण ।<br>४. वातावरण संरक्षण, खानेपानी तथा सरसफाइ, कृषि, जलवायु परिवर्तन अनुकूलन कार्यक्रम, स्वच्छ ऊर्जा र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा कार्य गर्ने सबै निकाय एवम् विकास साझेदारलाई समन्वयात्मक रूपमा परिचालन ।<br>५. जनसहभागितामा आधारित सौर्य सडक तथा सार्वजनिक स्थल ऊर्जा कार्यक्रम र सहुलियतपूर्ण निजी आवासीय सौर्य तथा अन्य वैकल्पिक ऊर्जा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ | | सम्बन्धित सबै सरोकारवाला |

| | | | |
|---|---|---|---|
| | कार्यान्वयन ।<br>६. स्थानीय समुदायको परिचालन गरी साना सिँचाइ सामुदायिक भवन, लघु ऊर्जा लगायतका सामुदायिक पूर्वाधार विकास कार्यक्रमहरूका माध्यमबाट रोजगारी र आय ।<br>७. लागत सहभागिताको आधारमा आर्थिक तथा सामाजिक पूर्वाधार क्रियाकलाप सञ्चालन ।<br>८. स्थानीय स्रोत, साधन, सीप र प्रविधिको प्रयोग गरी पूर्वाधार निर्माण, आय आर्जन, रोजगारी र क्षमता विकास ।<br>९. वञ्चितिमा परेका वा पिछडिएका वर्ग, क्षेत्र र समुदायको बढीभन्दा बढी सहभागिता ।<br>१०. स्थानीय जनताको लागत सहभागितामा स्थानीय घना बस्तीहरूमा आर्थिक कृयाकलापहरूको विस्तार तथा सहरी सुरक्षाको प्रवर्द्धन ।<br>११. सहरी सौन्दर्य कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय मागका आधारमा जनसहभागितामा आधारित सौर्य सडक बत्ती । | | |